*शिक्षामा लगानी, ल्याउँछ सुनौलो बिहानी* फोन नं.:०७१-५१४०२९

# पशुपति कलेज

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन तथा शिक्षाशास्त्र संकाय (बि.बि.एस. एवम् बि.एड.)
तिलोत्तमा-१६, कोटिहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
स्था.२०६२

चलानी नं.:
पत्र संख्या : २०८२/०८३ मिति: २०८२/११/२७

## उच्चशिक्षामा छात्रवृत्तिका लागि आवेदन फाराम भर्ने सम्बन्धी विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरको सूचना

विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८२ तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८० (प्रथम संसोधन) अनुरुप उच्च शिक्षामा पहुँच अभिबृद्धिका लागि अपाङ्गता भएका, आर्थिक रूपले विपन्न, दलित, मुस्लिम महिला, शहीद तथा द्वन्द्व पीडितका सन्तति र मुक्त कमलरी विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अनुरुप न्यूनतम योग्यता पुरा गरेका आर्थिक वर्ष २०८२/०८३ मा स्नातक तहका प्रथम वर्षमा भर्ना भई अध्ययनरत इच्छुक विद्यार्थीहरूबाट यही २०८२ चैत्र २५ गते कार्यालय समयभित्र छात्रवृत्ति सम्बन्धी दरखास्त फाराम आयोगको वेभसाइट **www.ugcnepal.edu.np** मा भएको उच्च शिक्षा छात्रवृत्ति मा **Click** गरी वा **ugc.pathway.com.np** मा **Online** माध्यमबाट फराम भरी निम्नानुसार आवश्यक कागजात तथा सिफारिस पत्रसमेत **Upload** गर्नु हुन जानकारी गराइन्छ ।

**विद्यार्थीले दरखास्त फारामका साथ निम्नानुसार कागजात अनिवार्य upload गर्नुपर्नेछ :**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाण (भर्ना विल वा सिफारिस पत्र)
३. अनुसूची २
४. कक्षा १२ वा सो सरहको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टको प्रतिलिपि
५. खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि (**राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक**)
६. **वर्ग अनुसार प्रमाणपत्र/सिफारिस पत्र :**
   (क) शहीद वा द्वन्द्व पीडितका छोराछोरी
   (ख) अपाङ्गता (अपाङ्गताको वर्ग खुलेको हुनुपर्ने)
   (ग) दलित
   (घ) मुक्त कमलरी
   (ङ) मुस्लिम महिला
   (च) आर्थिक रूपले विपन्न

**पुनश्चः**

१. विद्यार्थीको उमेरहद स्नातक तहको लागि २५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ । शहीद वा द्वन्द्व पीडितका सन्तति र अपाङ्गता भएका विद्यार्थीका लागि उमेरहद लागु हुने छैन ।
२. अघिल्लो वर्ष छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले नयाँ आवेदन पेश गरेमा सो आवेदन मान्य हुने छैन ।
३. तोकिएको अन्तिम मिति पछि प्राप्त भएका वा आवश्यक कागजातहरू संलग्न नभएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।
४. आयोगबाट एकै तहमा अध्ययनका लागि कुनै पनि विद्यार्थीलाई दोहोरो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

विस्तृत जानकारीका लागि

छात्रवृत्ति शाखा
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर
फोन नं.: ०१६६३८५४९, ६६३८५५०, ६६३८५५१ (एक्स्टेन्सन नं. १२२, १२३)
इमेल: scholarship@ugcnepal.edu.np,वेवसाइटः www.ugcnepal.edu.np

*शिक्षामा लगानी, ल्याउँछ सुनौलो बिहानी* फोन नं.:०७१-५१४०२९

# पशुपति कलेज

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन तथा शिक्षाशास्त्र सङ्काय (बि.बि.एस. एवम् बि.एड.)
तिलोत्तमा-१६, कोटिहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
स्था.२०६२

चलानी नं.:
पत्र संख्या : २०८२/०८३ मिति: २०८२/११/२७

## उच्चशिक्षामा छात्रवृत्तिका लागि आवेदन फाराम भर्ने सम्बन्धी विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरको सूचना

आयोगबाट छात्रवृत्तिका लागि छनौट भई पहिलो, दोस्रो वा तेस्रो किस्ता प्राप्त गरेका विद्यार्थीले निम्नानुसार कागजातहरु अनिवार्य **Upload** गरी बाँकी रहेको किस्ता प्राप्तिका लागि छात्रवृत्ति नविकरण गर्नुहुन जानकारी गराइन्छ ।

१. अनुसूची-५
२. प्रगति विवरण (लब्धाङ्क पत्र)
   क. स्नातक तह वार्षिक प्रणाली अन्तर्गतका विद्यार्थीको हकमा दोस्रो किस्ताका लागि प्रथम वर्षको परीक्षामा समावेश भएको प्रवेश पत्र, तेस्रो किस्ताको लागि प्रथम वर्षको नतिजा, चौथो किस्ताको लागि दोस्रो वर्षको नतिजा ।
३. खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि

पुनश्चः
१. छात्रवृत्ति नविकरण गर्नुपर्ने विद्यार्थीले नयाँ आवेदन पेश गरेमा सो आवेदन मान्य हुनेछैन ।
२. तोकिएको अन्तिम मिति पछि प्राप्त भएका वा आवश्यक कागजातहरू संलग्न नभएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।
३. आयोगबाट एकै तहमा अध्ययनका लागि कुनै पनि विद्यार्थीलाई दोहोरो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

<u>विस्तृत जानकारीका लागि</u>
छात्रवृत्ति शाखा
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर,
फोन नं.: ०१६६३८५४९, ६६३८५५०, ६६३८५५१ (एक्स्टेन्सन नं. १२२, १२३)
इमेलः scholarship@ugcnepal.edu.np,वेवसाइटः www.ugcnepal.edu.np